# पलापला गजलकृतिमा राजनीतिक व्यङ्ग्य

गणेश शर्मा,
कन्या क्याम्पस, पोखरा

**सार**

*प्रस्तुत लेख गजलकार लक्ष्मण थापाको पलापला गजलकृतिमा निहित राजनीतिक व्यङ्ग्यको विश्लेषणमा केन्द्रित रहेको छ । व्यङ्ग्यले कुनै पनि विषयमाथि देखिएका बेथिति र विसङ्गतिप्रति शिष्ट र मर्यादित ढङ्गले असहमति जनाई आक्रमण गर्दछ । राजनीति राज्यव्यवस्थाको एउटा महत्त्वपूर्ण अङ्ग मानिन्छ । गजलमा अभिव्यक्त व्यङ्ग्यका विभिन्न विषयक्षेत्रमध्येको एक शसक्त र प्रमुख विषय राजनीति हो । यही राजनीतिक क्षेत्रमा देखिएका विभिन्न खालका विकृति र विसङ्गतिको पहिचान गरी व्यङ्ग्यसँग सम्बन्धित पक्षको मात्र अध्ययन यस कार्यमा गरिएको छ । यस अध्ययनमा पलापला गजलकृतिभित्र राजनीतिक व्यङ्ग्यको प्रयोग विषयगत रूपमा केकस्तो ढङ्गले अभिव्यक्त भएको छ भन्ने समस्याको निरूपण गर्ने उद्देश्य रहेको छ । अध्ययनका लागि प्राथमिक र द्वितीयक सामग्रीको पठनपश्चात् पाठविश्लेषण विधिको उपयोग गरिएको छ । राजनीतिमा देखिएका हत्या, हिंसा, असुरक्षा र आतङ्क, नेतृत्वको विकृत चरित्र, र ाजनीतिप्रति जनताको निराशा, भ्रष्टाचार, गिर्दो स्वाभिमान, निरङ्कुशता तथा प्रजातान्त्रिक व्यवस्थामाथि गरिएका प्रहार राजनीतिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिनु अध्ययनको निष्कर्ष रहेको छ । समाजका विभिन्न क्षेत्रमा देखिएका बेथिति, कुरीति, कुसंस्कार, विकृति तथा विसङ्गति व्यङ्ग्यका विषयका रूपमा आउन सक्ने भए पनि राजनीतिक क्षेत्रमा देखिएका व्यङ्ग्यका विषयको विश्लेषण गरिएकाले यो नै प्रस्तुत अध्ययनको प्राप्ति हो ।*

**मुख्य शब्दहरू** : असुरक्षा, आतङ्क, निरङ्कुश, भ्रष्टाचार, विकृति र विसङ्गति

## विषयप्रवेश

लक्ष्मण थापा समकालीन नेपाली साहित्यका क्षेत्रमा पचासको दशकपछिका क्रियाशील स्रष्टा हुन् । साहित्यको कविता विधाबाट लेखन आरम्भ गरेका थापा पछिल्लो समयमा आएर आख्यानका क्षेत्रमा समेत उपस्थिति जनाएका छन् । उनले साहित्यका विभिन्न विधाकेन्द्रित फुटकर रचनाका साथै पाँचवटा साहित्यिक कृतिलाई प्रकाशनमा ल्याएका छन् । उनका *मनको मूर्च्छना* (२०६०) र *पलापला* (२०६५) दुईवटा गजलकृति, *पर्खालबाहिर* (२०६६) मुक्तककृति, *अक्षरहरूको मूर्च्छना* (२०७७) कविताकृति र *मान्छे हराएको मान्छे* (२०८०) लघुकथाकृति छन् । विषयलाई गहन ढङ्गले अध्ययन गरेपछि मात्र साहित्यिक रूप प्रदान गर्ने थापा नेपाली साहित्यका क्षेत्रमा उदाएका समसामयिक धारका स्रष्टा हुन् । अध्ययनका लागि छनोट गरिएको लक्ष्मण थापाको गजलकृति पलापला भित्र ८६ वटा गजल रहेका छन् । राजनीतिमा देखिएको हत्या, हिंसा, असुरक्षा र आतङ्क, नेतृत्व वर्गमा देखिएको विकृत चरित्र, राजनीतिप्रति जनतामा छाएको निराशा, नेतृत्वमा मौलाउँदै गएको भ्रष्टाचार, गिर्दो स्वाभिमान, निरङ्कुशसत्ता उन्मुख राजनीति, प्रजातन्त्रमाथिको आक्रमणजस्ता विषय र ाजनीतिसँग सम्बद्ध देखिन्छन् । गजलमा अभिव्यक्त यिनै राजनीतिक विषयलाई घुमाउरो अर्थात् अन्यार्थ बोध हुने गरी प्रस्तुत गर्दा गजल आकर्षक, हृदयस्पर्शी र प्रभावकारी बनेका छन् ।

गजलकार लक्ष्मण थापाको पलापाल गजलकृतिलाई विभिन्न अध्येताहरूले अन्य कोणबाट अध्ययन विश्लेषण गरेका भए पनि व्यङ्ग्यका कोणबाट भने गरिएको पाइँदैन । गजलकृतिमा अभिव्यक्त व्यङ्ग्यका विभिन्न विषयमध्ये राजनीतिक क्षेत्रमा केकस्ता विकृति र विसङ्गति देखिएका छन् सोको निरूपण गर्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ । प्रस्तुत कार्य गुणात्मक प्रकृतिको रहेकाले अध्ययनका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । सामग्रीको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । छनोट गरिएको गजलकृतिको अध्ययनपश्चात् विश्लेषणका लागि उपयुक्त सैद्धान्तिक अवधारणा तय गरिएको छ । कृतिको विश्लेषण विभिन्न कोणबाट गर्न सकिने भए यस कार्यमा राजनीतिक विषय क्षेत्रमा देखिएका विकृति र विसङ्गतिमाथि व्यङ्ग्यको खोजी गर्न अध्ययनलाई परिसीमित गरिएको छ । उक्त विषयको बस्तुगत र व्यवस्थित अध्ययन गरी तयार पारिएको प्रस्तुत लेख अनुसन्धानका दृष्टिले उपयोगी र औचित्यपूर्ण छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेखमा व्यङ्ग्यको सैद्धान्तिक अवधारणा निर्धारण गरी सोही आधारमा गजलमा निहित र ाजनीतिक व्यङ्ग्यको व्याख्या तथा विश्लेषण गरिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको रहेको र यसमा निगमनात्मक शोधविधिको प्रयोग गरिएको छ । प्रस्तुत कार्य सम्पन्न गर्न आवश्यक पर्ने द्वितीयक सामग्री पुस्तकालयीय स्रोतबाट लिइएको छ । प्राथमिक स्रोतका सामग्रीका रूपमा पलापला गजलकृति रहेको छ । व्यङ्ग्यका सैद्धान्तिक र प्रायोगिक पक्षसँग सम्बन्धित विभिन्न सामग्रीको उपयोग द्वितीयक स्रोतबाट सङ्कलन गरी उद्देश्यअनुरूप राजनीतिक विषयसँग सम्बन्धित व्यङ्ग्यको अवधारणा प्रस्तुत गरिएको छ । उक्त गजल कृतिको विश्लेषणका लागि राजनीतिक व्यङ्ग्यसँग सम्बन्धित भएर गरेका पूर्ववर्ती अध्येताहरूका सामग्रीको गहन अध्ययनपश्चात् उपयुक्त सैद्धान्तिक अवधारणाको ढाँचा तय गरिएको छ । अध्ययनका लागि प्रस्तुत गजलकृति पलापला (२०६५) भित्र निहित सघन राजनीतिक व्यङ्ग्ययुक्त गजललाई निर्धारित अवधारणात्मक ढाँचाको उपयोग गरी विश्लेषण गरिएको छ । सामग्रीको अर्थापनका लागि गुणात्मक शोध ढाँचाका आधारमा पाठविश्लेषण विधिको उपयोगसमेत गरिएको छ ।

### सैद्धान्तिक अवधारणा

व्यङ्ग्य अभिव्यक्तिको घुमाउरो तथा अन्यार्थ बोध गराउने भाषिक कला हो । यसले समाजमा व्याप्त विकृति र विसङ्गतिलाई विषय बनाई त्यसमाथि आक्रमण गर्दछ । व्यङ्ग्यले वास्तविकतालाई अवास्तविक रूप प्रदान गरी चलाखीपूर्ण तरिकाले कुनै पनि कुरालाई स्मरणयोग्य बनाउँछ । (हाइट, सन् १९६२, पृ. ३) । यसले कुनै पनि व्यक्ति, वस्तु तथा विचारमा देखिएका कमीकमजोरीलाई उठान गरी प्रहार गर्दछ । कुनै पनि मानवीय-सामाजिक, दुर्गुण/अवगुण-दोष, दुष्प्रवृत्ति-दुराचार, विकार-विकृति, मूर्खता-अज्ञान आदिलाई मुख्य लक्ष्य बनाई यस्ता स्थिति र प्रवृत्तिप्रति असहमति तथा आलोचनाको स्वर व्यक्त गरी तिनलाई खिज्याउने-गिज्याउने र छेड-उपहास गर्ने कार्य व्यङ्ग्यमार्फत गरिन्छ (त्रिपाठी, २०७०, पृ. ८४) । व्यङ्ग्यको मुख्य उद्देश्य कुनै पनि विषयक्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई बाहिर पर्दाफास गर्ने मात्र नभई त्यस्ता कार्यप्रति सम्बन्धित पक्षलाई नलाग्न सचेत गराउनु हो ।

व्यङ्ग्य अभिव्यक्तिको विशिष्ट रूप हो । यो कलापूर्ण भाषिक सौन्दर्यले युक्त हुनुपर्छ । कलायुक्त

अभिव्यक्तिका माध्यमबाट समाजका विसङ्गति, विद्रुपता, पाखण्डीपनप्रति आलोचना एवम् प्रहार गर्ने आदर्श चैतन्यले व्यङ्ग्य प्रेरित हुन्छ (पाण्डेय, २०५८, पृ. ९) । यसले विसङ्गत अवस्थामाथि कटुतामार्फत तिक्ततापूर्ण ढङ्गले आक्रमण गर्ने भएकाले यो सदैव प्रियभन्दा अप्रिय खालको हुने गर्छ। निश्चित लक्ष्यका साथ घुमाउरो ढङ्गले बोलिएको शब्दले सहज अर्थलाई व्यक्त गर्न सक्दैन, जसले असहज र अन्यार्थ बोध गराउँछ, त्यो अभिव्यक्ति व्यङ्ग्य ठहर्छ (प्रभात, २०७०, पृ. १४९) । व्यङ्ग्यले कुनै पनि विकृत चरित्रमाथि निर्दयपूर्वक प्रहार गरी चोट पुऱ्याउँछ। यसले दया, माया, विनम्रता र उदारताको भावलाई सदैव अस्वीकार गर्दछ।

राज्य सञ्चालनका लागि अवलम्बन गरिएको नीति राजनीति हो। कुनै पनि देशको समग्र विकासमा राजनीतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। राजनीतिमा देखिएका बेथितिमाथि गरिने प्रहार राजनीतिक व्यङ्ग्य हो। सम्पूर्ण राज्य संयन्त्रको जिम्मेवार निकाय राजनीति हो। राजनीति राज्य र जनताका बिच सम्बन्ध स्थापित गर्ने संस्था हो। यसलाई सही ढङ्गले नेतृत्व गर्ने व्यक्ति नेता हुन्। राजनीतिमा असल संस्कृतिको विकास हुन नसक्दा नेतृत्वमा छलकपट, धोका, षड्यन्त्र, जालझेल, धुर्त्याइँ, अवसरवादजस्ता प्रवृत्ति देखिने र यसले समग्र राजनीतिका क्षेत्रमा चरम विसङ्गति निम्त्याउने गर्छ (ओझा, २०६४, पृ. ६५) । नेतृत्वमा सामूहिक भावनाको विकास हुनु आवश्यक छ। वैयक्तिक दाउपेच र स्वार्थकेन्द्रित हुँदा राजनीतिले संस्थागत विकास गर्न सक्दैन। यस्तो अवस्थामा राजनीति गतिहीन दिशातर्फ जाने र त्यसले समग्र राज्य व्यवस्थाका सम्पूर्ण संयन्त्रलाई नै खलल पुऱ्याउँछ। राजनीतिमाथि व्यङ्ग्य गर्नुको मुख्य उद्देश्य राजनीतिमा व्याप्त विसङ्गतिलाई सिर्जनाका माध्यमबाट बाहिर ल्याउनु मात्र होइन, विकृत कार्य गर्नबाट रोक्ने अभिप्राय पनि हो। राजनीतिक व्यङ्ग्यका बारेमा पंकज कपुरले प्रस्तुत गरेको धारणा यस्तो छ :

> वर्तमानको राजनीतिले सही दिशा प्राप्त गर्न सकेको देखिँदैन। राजनीतिज्ञमा राजनीतिक संस्कारको विकास हुन नसक्दा नातावाद तथा कृपावाद, भ्रष्टाचार, अत्याचार, स्वार्थ, अहम्ताजस्ता विकृत भावनाले जरा गाडेको छ। आजको राजनीति सामूहिक भावभन्दा वैयक्तिक अवसरवादतर्फ अगाडि बढिरहेको देखिन्छ। पहिले राजनीति जनताको हकहित र स्वार्थमा केन्द्रित थियो, कोही कसैमा अन्याय, अत्याचारको विभेद थिएन। (कपुर, सन् २००९, पृ. १०१-१०२)

राजनीतिमा देखिएको बेथितिको कारक नेतामा राजनीतिक संस्कारको विकास हुन नसक्नु हो। राजनीति सामूहिक भावमा चल्नुपर्नेमा व्यक्तिकेन्द्री बन्दै गएको छ। नेतृत्वमा रहेकाहरू जनताको हितमा भन्दा वैयक्तिक स्वार्थपूर्तिका निम्ति लागिरहेकाले राजनीतिमा दिनानुदिन विकृति र विसङ्गति बढ्दै गएको र त्यसले आम जनमानसमा राजनीतिप्रति वितृष्णा पैदा गरेको छ।

राजनीतिमा जनताको सक्रियता बढ्दै जाँदा व्यङ्ग्यको रचनामा पनि वृद्धि हुँदै जान्छ। राज्य सञ्चालनका क्रममा सरकारले गरेका गलत क्रियाकलापलाई प्रत्यक्ष विरोध नगरी सभ्य र शालीन ढङ्गले सरकारका त्यस्ता कार्यका विरुद्ध सिर्जनाका माध्यमबाट व्यक्त गर्न सकिन्छ। राज्य सत्ताका विरुद्ध आक्रोश, विरोध, आलोचना, कटाक्ष तथा उपहास गर्न प्रत्यक्ष सम्भव नहुने अवस्थामा स्रष्टाले व्यङ्ग्यको सहारा

लिएर त्यसलाई साहित्यमार्फत व्यक्त गर्दा त्यो ज्यादै लोकप्रिय र प्रभावकारी हुने भएकाले त्यसप्रति असन्तुष्ट जनतालाई यस्तो अनुभूति हुन्छ कि मानौं तिनका दबिएका भावको अभिव्यक्ति प्राप्त भयो (लाम्बा, सन् २०००, पृ. २६-२७) । वर्तमान समयमा साहित्य सिर्जनाका माध्यमबाट राजनीतिक विषयलाई प्रत्यक्ष अभिव्यक्त नगरी अप्रत्यक्ष किसिमले गरिने भएकाले व्यङ्ग्यको महत्त्व वृद्धि हुँदै गएको देखिन्छ ।

समग्रमा कुनै पनि राज्यको शासन व्यवस्था सञ्चालनका लागि अवलम्बन गरिने आधारभूत सिद्धान्त राजनीति हो । राज्यव्यवस्थालाई के कसरी सञ्चालन गर्ने, नागरिकलाई सुशासनको प्रत्याभूति कसरी दिने भन्ने बारेमा खास प्रणालीको विकास गरिएको छ । त्यसका लागि आवश्यक पर्ने संयन्त्रमार्फत राज्यप्रतिको दायित्व र जिम्मेवारी बोध हुन सकेमा मात्र जनचाहना अनुरूप विकासले गति लिन सक्छ । राजनीतिक कर्ममा संलग्न नेतृत्वले राज्य सञ्चालनका क्रममा नैतिकता र इमान्दारितालाई ख्याल गर्न सकेनन् भने राज्य सुशासनको बाटोतर्फ अगाडि बढ्न सक्दैन । कुनै पनि देशमा राजनीतिले सही दिशा प्राप्त गर्न नसक्नुको कारण राजनीतिमा अनैतिक र अनियमित कार्यमा हुँदै जानु, नेतृत्ववर्गमा वैयक्तिक स्वार्थ र अहम् भावले जरा गाड्नु, राजनीतिलाई लेनदेन र नाफाघाटाको विषय बनाउनु, राजनीतिक दलहरूका बिचमा स्वच्छ राजनीतिक प्रतिष्पर्धाको विकास नभई दाउपेच र जालझेलका कार्य हुनु, चरम अवसरवादी प्रवृत्ति हावी हुनु र सामाजिक भावनाका साथ जनताप्रति उत्तरदायी बन्न नसक्नु आदि राजनीतिक विकृतिका क्षेत्र रहेका छन् र तिनै व्यङ्ग्यका विषयका रूपमा आएका छन् । अतः यिनै राजनीतिक व्यङ्ग्य सिद्धान्तका आधारमा पलापला गजलकृतिको अध्ययन विश्लेषण गरिएको छ ।

## विमर्श र नतिजा

नेपाली गजललेखन परम्पराको पछिल्लो चरणलाई आत्मसात् गरी सिर्जनकर्ममा संलग्न लक्ष्मण थापाको दोस्रो गजलकृति *पलापला* (२०६५) रहेको छ । यस कृतिभित्र दुईवटा लामा गजलसहित ८६ वटा गजलहरू सङ्गृहीत छन् । राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, वैयक्तिक जस्ता क्षेत्रमा देखिएका विकृति र विसङ्गतिका विषयमाथि व्यङ्ग्य गरिएको छ । गजलकारले व्यङ्ग्य गजलमार्फत समुन्नत समाज निर्माणसँगै समयानुकूल परिवर्तनको अपेक्षासमेत गरेका छन् । यिनका गजलमा मुखरित भएका विभिन्न विषयमध्ये एउटा प्रमुख विषय क्षेत्रका रूपमा राजनीति आएको पाइन्छ । राजनीति राज्य सञ्चालनको अपरिहार्य र महत्त्वपूर्ण अङ्ग मानिन्छ । राजनीतिका क्षेत्रमा देखिएका विकृति र विसङ्गतिमाथि प्रहार गर्दा त्यो राजनीतिक व्यङ्ग्य बन्छ । राजनीतिले सही बाटो पहिल्याउन नसक्दा अस्थिरता निम्तिन जान्छ, जसका कारण राज्यका सम्पूर्ण अङ्ग शिथिल बन्न जान्छन् । पलापला गजलकृतिभित्र हत्या, हिंसा, असुरक्षा र सन्त्रास, अधिनायकवादी चिन्तन, विधि र पद्धति बिर्सेको प्रजातन्त्र, राजनीतिक अस्थिरताले निम्त्याएको राजनीतिप्रतिको वितृष्णा, विचारशून्य नेता, अहङ्कारयुक्त नेतृत्व, देशमा बढ्दै गएको परनिर्भरता, राष्ट्रिय स्वाभिमानमा आँच, प्रजातान्त्रिक प्रणालीमा मनलाग्दी शासन, देशमा बढ्दै गएको परनिर्भरता जस्ता राजनीतिसँग सम्बन्धित विषयमा देखिएका विकृति र विसङ्गतिमाथि गजलकारले व्यङ्ग्य गरेका छन् ।

देशमा राजनीतिक परिवर्तनका लागि विभिन्न समयमा भएका सशस्त्र र निशस्त्र आन्दोलनले नेपाली

जनता आतङ्कित र भयभीत बनाइएका थिए र छन्। यति मात्र हैन, दलहरूका बिचमा देखिएको राजनीतिक दाउपेचका कारण पनि जनताले बेलाबेलामा दुःख भोग्नु परेको छ। दलहरूले गर्ने विद्रोह र क्रान्तिका नाममा भएका हिंसात्मक क्रियाकलापबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जनता नै मारमा परेका छन्। सत्ता जोगाउने पक्ष र परिवर्तनका लागि विद्रोह भनेर गरिएका आन्दोलनमा दलहरूका अस्वाभाविक गतिविधि र त्यसलाई रोक्न सर कार पक्षबाट गरिएको दमन र शोषणको मारमा निशस्त्र जनताहरू भय र सन्त्रासको वातावरणमा बाँच्नु परेका सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(१) आली र कान्लाहरूमा लाशका खलिया देखिन्छन्
  आपसी विश्वासमा हैन सुरक्षा बन्दुकको नालमा छ  पृ. ११

(२) जङ्गेहरू कति जन्मे, हिटलरहरू कति बढे
  दिन दिनै देशमा आज पर्व भण्डारखाल हेर  पृ. ८७

माथिको उदाहरण (१) मा राजनीतिका नाममा भएको सशस्त्र द्वन्द्वका कारण उत्पन्न हत्या, हिंसा र आतङ्कको स्थितिलाई प्रस्तुत गरिएको छ। खेतका आली र कान्लाहरूमा श्रमका पसिना बगाउने खेतालाहरू सुरक्षित हुन सकेका छैनन्, उनीहरू काम गर्दागर्दै अनायासै मारिएका छन्। मानिसमा विश्वासको वातावरण सिर्जना हुन सकेको छैन, बन्दुकको नाल सुरक्षाको कबज बनेको छ भन्ने कहाली लाग्दो दर्दनाक अवस्थाप्रति व्यङ्ग्य गरिएको छ। उदाहरण (२) मा निरङ्कुश अधिनायकवाद स्थापनाका लागि षड्यन्त्रपूर्ण ढङ्गले गरिएको नरसंहारलाई प्रजातन्त्रपछिको राजनीतिक सन्दर्भसँग जोडिएको छ। राणाकालीन समयमा आन्तरिक विद्रोह गरेर एकछत्र जहानियाँ शासन गरेका जङ्गबहादुर राणा, जर्मनीको गणतान्त्रिक व्यवस्थालाई अधिनायकवादतर्फ लै जाने शासक हिटलरजस्ता निरङ्कुश शासकको पथलाई नेपाली राजनीतिमा अवलम्बन गर्न खोज्ने शैलीले ने पाली राजनीतिमा हिजोको भण्डारखाल पर्व फेरि निम्तिने खतरा भएको र त्यसबाट जनता भयभीत र त्रसित हुनुपरेको छ भन्ने विकृत राजनीतिप्रति व्यङ्ग्य गरिएको छ।

राजनीतिलाई सही बाटोमा डोऱ्याउने प्रमुख दायित्व नेतृत्वमा रहन्छ। नेतृत्व त्यो हो जो कुनै पनि र ाजननीतिक दलको नेताको भूमिकामा रही जस्तोसुकै परिस्थितिमा पनि देश र जनताप्रति उत्तरदायित्व बहन गरी राज्यव्यवस्थालाई आवश्यक दिशानिर्देश गर्न सक्छ। नेतृत्वले देशको राजनीतिलाई सही ढङ्गले सम्हाल्न सके नन् भने देशका सबै अङ्ग लथालिङ्ग र भताभुङ्ग बन्न जान्छन्। राज्यसत्ताको बागडोर सम्हालेका नेताहरूले आफ्नो दायित्व र जिम्मेवारीलाई बोध गर्न नसक्दा र वैयक्तिक स्वार्थकेन्द्रित रहँदा राजनीति विकृत र विसङ्गत बनेको कुरालाई यसरी प्रस्तुत गरिएको छ :

(३) भाषणले भोकाको पेट खुब भरियो
  भाषणभित्र भ्रष्टाचार छिपेको देखे  पृ. ४४

(४) बन्दुक बोक्न थालेपछि को हुन्छ र कम्ती यहाँ
  कस्ताकस्ता लुरे पनि भए घाघडान हजुर  पृ. ९९

माथिको उदाहरण (३) मा राजनीतिक नेतृत्वले जनतालाई फोस्रा नारा र कोरा भाषणमा मात्रै सीमित गरेका कुरालाई अगाडि सारिएको छ। एउटा असल नेताले जनतालाई आड, भरोसा र विश्वास दिलाउनु पने

ीमा बोलीमा आश्वासन दिने र भ्रम छर्ने काम गरिरहेका छन् । दीन, दुःखी, गरिब, शोषित र पीडितहरूका पक्षमा आवाज उठाइएको छैन । प्रजातन्त्रको आगमनपछि गरिबीका पीडाले कोही रुनु पर्दैन, कोही आकाश ओड्नु पदैर्न र कोही भोकै हुनु पर्दैन भन्ने कुरा आश्वासनमा मात्र सीमित रहे । गरिबीको चपेटामा परेकाहरू आजसम्म पनि एक छाक पेटभर खान पाएका छैनन्, भाषणमा मात्र पेट भरिएको छ । असमानताका विरुद्ध समानताका भाषण गर्नेहरू जनताका दुःख पीडालाई महसुस गर्न सकेका छैनन् बरु आफै भ्रष्टाचारमा संलग्न भएर अकुत सम्पत्ति आर्जन गरेका नेताका विकृत क्रियाकलापमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा जनतालाई त्रसित बनाएर राजनीति गर्ने नेताका प्रवृत्तिको चर्चा गरिएको छ । निरङ्कुश राणा शासन तथा एकतन्त्रीय पञ्चायती व्यवस्थाका विरुद्ध हजारौँ सहिदहरूले बलिदानी गरे र प्रजातन्त्रको स्थापना भयो । हजारौँ घाइते, अपाङ्ग र घरबारविहीन बने । हिजोदेखि निरन्तर जो प्रजातन्त्रका लागि लडे, तिनीहरूलाई पाखा लगाइयो । प्रजातन्त्रको आगमनपछि पनि उनै सुकिला र मुकिला मण्डलेहरू मात्र शासन गरेनन् जो असक्षम, अयोग्य, कमजोर र हिक्मतहारा थिए तिनैले हतियारका भरमा सर्वसाधारण जनतालाई आतङ्कित पारेर राज्यसत्तालाई आफ्नो बाहुमा लिने गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

देशको शासनप्रणालीमा परिवर्तन आए पनि जनताले त्यसको प्रत्याभूत गर्न पाएनन् । व्यवस्था परिवर्तका लागि गरिएका सबै आन्दोलन निरर्थक र व्यर्थ साबित भए । जन चाहनाअनुसार देशको व्यवस्था चल्न नसक्दा आम जनतामा राजनीतिप्रति निराशा बढ्यो । यसको प्रमुख कारक नेतृत्वमा विकसित गैरजिम्मेवारीपन, विचारहीन चेतना, नैतिक पतन र वैयक्तिक स्वार्थ रहेको कुरालाई यसरी व्यक्त गरिएको छ ः

(५) माया गर्नुपर्छ भन्ने भुलिसक्यौ सडकलाई
किन ड्याङ्ड्याङ्ग गर्छौ बोकी टाउका रित्ताहरू पृ. ३८

(६) कहिल्यै पनि नभरिने धोक्रो भिरेका
जुन जोगी आए पनि कानै चिरेका पृ. २९

माथिको उदारण (५) मा राजनीतिक कर्ममा संलग्न नेताका विकृत मानसिकताप्रति गुनासो गरिएको छ । प्रजातान्त्रिक परिपाटीमा जनताको अख्तियारी प्राप्त गरे पनि नेता जनताभन्दा माथि रहन सक्दैनन् । हिजो जनतासँगै सडकमा रहेका नेताहरू सत्तामा पुगेपछि जनताबाट टाढिने मात्र नभई जनताका सुख र दुःखमा साथ दिने बाचासमेत भुलेका छन् । आफ्नो हिजोको हैसियतलाई बिर्सेका छन्, जनताका आवाजलाई बेवास्ता गरेका छन् र जनतासँग भलाकुसारी गर्नुपर्नेमा विमुख भएका छन् । विचार, सिद्धान्त र दर्शनबाट परिचालित हुनुपर्ने नेताका टाउका शून्य, रित्ता र विचारविहीन भएका छन् भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा नेतृत्व परिवर्तनले केही गर्ला भन्ने अपेक्षा गरिए पनि सबैमा उस्तै प्रवृत्ति देखिएको कुरा व्यक्त गरिएको छ । ३५ वर्षभन्दा लामो प्रजातान्त्रिक अभ्यास गरिरहेको नेपाली राजनीतिको यात्रा त्यति सुखद् देखिँदैन । आवधिक निर्वाचनमार्फत बेलाबेलामा नेतृत्व परिवर्तन गरिए पनि उही र उस्तै प्रवृत्ति विकसित हुँदै गएको छ । सत्तारोहणपश्चात् जनताका इच्छा, चाहना र आकाङ्क्षा पूर्तिभन्दा स्वकेन्द्रित भएर पदीय दायित्व र जिम्मेवारीबाट विमुख रहँदै कहिल्यै पनि नभरिने थैली लिएर नेताहरू राजनीतिक यात्रा गरिरहेका छन् । केही गर्न नसक्ने एउटा खराब नेताको स्थानमा अर्को उस्तै खालको खराब नेताको आगमन भइरहेको छ भन्ने सन्दर्भले व्यङ्ग्यको

सिर्जना गरेको छ।

राज्य वा देशको नीति राजनीति हो। यो राष्ट्रका लागि अपरिहार्य छ। राष्ट्रको हित र उन्नतिलाई केन्द्रमा राखेर राजनीति गरिएमा देश बलियो बन्न सक्छ। राष्ट्र रहे मात्र हाम्रो स्वाभिमान बाँचिरहन्छ भन्ने भावले मात्र देशको अस्तित्व कायम रहन सक्छ। देशको रक्षार्थ राष्ट्रनीति निर्माण गर्ने जिम्मेवारी सरकारको हुने गर्छ। सरकारमा रहेका राजनीतिक दलले जनतालाई आशा जगाएर राष्ट्रिय स्वभाभिमानलाई उँचो राख्ने र परनिर्भरताबाट देशलाई मुक्त राख्ने कुरा व्यक्त गरे पनि उक्त कार्य विपरीत भएका विकृतिलाई यसरी प्रस्तुत गरिएको छ :

(७) केको आश कसको आशा राख्ने हामी जनताले
माछा अन्तै पुगिसके भ्यागुता मात्रै थालमा छ पृ. ११

(८) भिख माग्ने कचौरालाई फ्याँकिदेऊ कुच्याएर
लिई निस्क हातका औजार नाप्ने टेप फित्ताहरू पृ. ३८

माथिको उदाहरण (७) मा राजनीतिक नेतृत्वले लिएको गलत निर्णयले जनता आशावादी बन्न नसकेको कुरालाई अगाडि सारिएको छ। निरङ्कुश सत्ताको बहिर्गमन र प्रजातन्त्रको आगमनसँगै देशमा स्थिरता आउला, सबैका मुहारमा उज्यालो छाउला र देश समुन्नतिको बाटोतर्फ जाला भन्ने भविष्यको सुनौलो सपना बोकेर बसेका जनता निराशामा छन्। देशमा जे तन्त्र आए पनि जनतालाई भिन्न महसुस नभएकाले अब केही होला भनेर आश गर्नु व्यर्थ छ, कहिँकतै आश राख्ने ठाउँ बाँकी नै छैन। देशका महत्त्वपूर्ण र उपयोगी वस्तु वाहिर मुलुकमा पुगेका छन्, हाम्रा भागमा काम नलाग्ने वस्तु मात्र बाँकी छन् भन्ने व्यङ्ग्यार्थपूर्ण कथनले देशको कमजोर कुटनीतिक व्यवस्थाप्रति व्यङ्ग्य गरेको छ। उदाहरण (८) मा परनिर्भरतालाई त्यागेर श्रमजीवी बन्नुपने कुरा व्यक्त गरिएको छ। स्वदेशमै उद्योग, कलकारखाना, कृषि, पर्यटनजस्ता क्षेत्रको विकास गरी स्वदेशमा रोजगारी सिर्जना गर्न सके मात्र देशको विकास सम्भव छ। विकासका लागि सधैँ विदेशीहरूसँग हात थाप्ने प्रवृत्ति सर्वथा गलत छ। यसको अन्त्यका लागि दरिलो सरकार र सबै नेपालीजनहरू श्रमजीवी बन्न सके देश समुन्नत हुने भन्दै आर्थिक परनिर्भरताप्रति व्यङ्ग्य गरिएको छ।

राजनीतिक व्यवस्थामा राज्यलाई नियन्त्रण गर्ने एकदलीय निरङ्कुश र बहुदलीय प्रजातान्त्रिक प्रणाली रहेका छन्। सत्ता सञ्चालनमा एक मात्र दलीय व्यवस्थाको अवधारणा निरङ्कुश प्रणाली हो। यस्तो प्रणालीको शासकीय स्वरूप राष्ट्र प्रमुखको आदेश वा नियन्त्रणबाट चल्दछ। नागरिक स्वतन्त्रता, समानता, कानुनी राज्य, समावेशिता, मानव अधिकारजस्ता जनपक्षीय आधारलाई पूर्णतः बेवास्ता गरिएको हुन्छ। २०४६ सालको आन्दोलनले निरङ्कुश पञ्चायती शासनसत्ताको अन्त्य गरी प्रजातन्त्रिक प्रणालीलाई स्थापित गरे पनि नेतृत्व वर्गमा प्रजातान्त्रिक संस्कारयुक्त मूल्य र मान्यताको विकास हुन सकेन। बहुदलीय व्यवस्थाभित्र विभिन्न विकृतिका खेलहरू हुँदै गए। निरङ्कुशताका मतियार मात्र नभई विगतमा राजनीतिक नेतृत्वबाट नै निरङ्कुशतालाई मलजल गर्ने कार्य हुँदै आएका मात्र छैनन् आफू सत्तामा रहँदासमेत निरङ्कुश प्रवृत्तिलाई अवलम्बन गरेका छन् भन्ने विषयलाई यसरी व्यक्त भएका छन् :

(९) निरङ्कुशतन्त्र उठी ढाक्यो उज्यालो आकाश यो
नुर गिऱ्यो यो देशको गिऱ्यो स्वाभिमान हजुर पृ. ९७

(१०) कोही हिटलर जस्ता लाग्छ, कोही जिया उल हक
कोही दादा इदि अमिन, कोही चंगेज खान हजुर पृ. १०२

माथिको उदाहरण (९) मा स्थापित प्रजातान्त्रिक शासन व्यवस्थालाई विस्थापित गरेर निरङ्कुश व्यवस्था लादिएपछि देशको शाख र सान गिर्दै गएको कुरालाई व्यक्त गरिएको छ। संवैधानिक अधिकार प्रदान गरिएको राजसंस्था प्रतिगमनका रूपमा उपस्थित भएर प्रजातान्त्रिक व्यवस्थामाथि प्रतिबन्ध लगाउने र शासनसत्ता आफ्नो हातमा लिने कार्यले विश्वमा देशको स्वाभिमान गिरेको छ। जनताको अनुहारमा उज्यालो लाली छर्दै गरेको प्रकाशमाथि ग्रहणले ढाकेको छ र यसले देशको मात्र नभई सम्पूर्ण नेपालीको शिर झुकाएको छ भन्ने सन्दर्भप्रति व्यङ्ग्य गरिएको छ। उदाहरण (१०) मा प्रजातान्त्रिक प्रणालीलाई बेवास्ता गर्दै, नियमलाई मिच्दै, स्वेच्छाचारी शासन सञ्चालन गरेका नेतृत्ववर्गमा विकसित हुँदै गएको विश्वका तानाशाहको पथलाई अवलम्बन गरिएको कुरालाई प्रस्तुत गरिएको छ। लामो संघर्षपश्चात् प्राप्त भएको प्रजातन्त्रलाई प्रतिगामी पथमा डोऱ्याउँदै लगेका विश्व इतिहासका क्रुर शासकको झल्को कतै नेपाली राजनीतिमा देखिने त हैन भन्ने आशंका उब्जेको छ। युगान्डाका क्रुर फौजी तानाशाह इदि अमिन, पाकिस्तानको राज्यसत्तालाई कब्जा गर्ने फौजी तानाशाह जिया उल हक, जर्मनीका क्रुर अधिनायकबादी शासक हिटलर र मध्य एसिया चिनमाथि साम्राज्य विस्तारका लागि लागेका बर्बरयुद्धका पात्र चंगेज खानजस्ता तानाशाह, नरभक्षी शासकहरूको पथलाई नेपाली शासकहरूले अवलम्बन गर्दै तिनको झल्को दिएका प्रति व्यङ्ग्य गरिएको छ।

प्रजातन्त्रलाई राज्य सञ्चालनको उत्कृष्ट प्रणाली मानिन्छ। विभिन्न राजनीतिक दलहरू जनताका प्रतिनिधि पात्रका रूपमा रहने र प्रत्यक्ष निर्वाचनमार्फत नेतृत्वलाई राज्यसत्तामा पुऱ्याउने व्यवस्था प्रजातान्त्रिक पद्धति हो। जनताका इच्छा, चाहना र सुझावअनुरूप चलाइने शासन प्रजातन्त्र भएकाले यो विश्वमा लोकप्रिय प्रणालीका रूपमा विकसित भएको छ। यस प्रणालीले सबै जात, जाति, वर्ग, लिङ्ग आदिको समान प्रतिनिधित्व गर्दछ भन्ने सैद्धान्तिक मान्यता रही आए पनि व्यावहारिक पक्षमा समस्या देखिँदै गएको छ। प्रजातान्त्रिक मूल्य र मान्यता, विधि र प्रक्रियामाथि प्रहार गर्दा आस्था र विश्वासमा सङ्कट पैदा हुँदै गएको कुरालाई यसरी व्यक्त गरिएको छ :

(११) को हो राजा, को हो रैती छुट्याउनै मुस्किल भो
जसले पनि चलाइराछ आफ्नो मनोमान हजुर पृ. १०९

(१२) अग्रगमन भने पनि पाइला अघि बढ्या हैन
बिग्रिएको गाडीझैँ छ देश यथास्थान हजुर पृ. १२७

माथिको उदाहरण (११) मा प्रजातान्त्रिक पद्धतिअनुसार देशको शासन चल्नुपर्नेमा मनपरी ढङ्गले चलिरहेको छ भन्ने कुरालाई व्यक्त गरिएको छ। देशको राज्यसत्ता सञ्चालन गर्ने प्रजातान्त्रिक प्रक्रियाअनुरूप जिम्मेवारी लिने मुख्य व्यक्ति (राजा) र जनता (रैती) को हुन् भनी पहिचान गर्न कठिन भएको छ। प्रजातन्त्रमा पनि सबै राजा बन्न खोज्ने प्रवृत्तिको विकास हुँदै गएको र शासन व्यवस्थालाई जसले जसरी पनि मनलाग्दी ढङ्गले चलाइरहेका छन् भन्दै विधिअनुसार चल्न नसकेको पद्धतिप्रति व्यङ्ग्य गरिएको छ। उदाहरण (१२) मा राजनीतिमा परिवर्तन आए पनि देशको अवस्थामा कुनै पनि खालको परिवर्तन र रूपान्तरण हुन नसकेको कुरालाई व्यक्त गरिएको छ। प्रजातन्त्र आए पछि देशको विकासले गति लिन्छ, जनताका आवश्यकता एवम् चाहना पूरा

हुन्छन् र युगले अग्रगमनको दिशा निर्धारण गर्छ भनिए पनि देशको अवस्थम बेहाल बन्दै गइरहेको छ। हिजो निरङ्कुश एकतन्त्रीय शासन व्यवस्थामा भएको उन्नति र विकास पछिल्लो प्रजातान्त्रिक व्यवस्थामा हुन सकेको छैन। आज पनि बिग्रिएर ग्यारेजमा थन्किएको थोत्रो गाडीझैँ देशको अवस्था यथास्थानमा नै रहेको छ भनी लोकप्रिय मानिने प्रजातान्त्रिक प्राणालीप्रति व्यग्ङ्य गरिएको छ।

## निष्कर्ष

लक्ष्मण थापा नेपाली गजलको उत्तरवर्ती चरणका प्रतिनिधि गजलकार हुन्। २०६५ सालमा प्रकाशनमा ल्याइएको उनको पलापला गजलकृतिभित्र समसामयिक विषयमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यको झटारो हानिएको छ। व्यङ्ग्यका विभिन्न विषयक्षेत्रमध्येको एक राजनीतिक व्यङ्ग्य यिनका गजलमा सबल ढङ्गले उपस्थित भएको छ। २०४६ सालको आन्दोलनले देशको राजनीति परिवर्तन भई प्रजातान्त्रिक प्रणालीको विकास र अभ्यास हुँदै आए पनि संस्कारयुक्त प्रजातान्त्रिक मूल्य र मान्यतामाथि आक्रमण हुँदै आएका कुरालाई गजलमार्फत असन्तुष्टि व्यक्त गरेका छन्। यिनका गजलमा राजनीतिक परिवर्तनका नाममा उत्पन्न द्वन्द्वले सिर्जना गरेको हत्या, हिंसा र आतङ्कको खेती, सत्तामा देखिएको तानाशाही र अधिनायकवादी सोच, जनतालाई त्रासमा राखेर फोस्रा भाषण गर्ने नेता तथा विचार र सिद्धान्तविहीन पार्टीका गलत क्रियाकलापमाथि कटाक्षपूर्ण व्यङ्ग्य गरिएको छ। यस्तै सत्तारोहणमा रहेर कहिल्यै पनि अघाउन नसक्ने नेता, र ाजनीतिप्रति जनताको वितृष्णा, राष्ट्रका लागि नेतृत्वले लिएको गलत निर्णय, देशमा चुलिँदै गएको परनिर्भरता, गिर्दो राष्ट्रिय स्वाभिमान, नेतृत्वको अहङ्कारी र निरङ्कुश शैली तथा प्रजातान्त्रिक प्रणालीभित्र विधि र प्रक्रिया उल्लङ्घन गरी चलाइएको मनलाग्दी शासन जस्ता राजनीतिका विकृत र विशृङ्खलित अवस्थाप्रति व्यङ्ग्य गरिएको छ। अतः राजनीतिका क्षेत्रमा रहेका विभिन्न विकृति र विसङ्गतिप्रति व्यङ्ग्य देखिनु अध्ययनको मूल प्राप्ति रहेको छ।

## सन्दर्भसामग्रीसूची


ओझा, रामनाथ (२०५९), *लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्यचेतना,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

कपुर, पंकज (सन् २००९), *समकालीन हिन्दी कविता में व्यङ्ग्य संवेदना,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, हिमान्चल प्रदेश विश्वविद्यालय, भारत।

चतुर्वेदी, बरसानेलाल (सन् १९७३), *आधुनिक हिन्दी काव्य में व्यङ्ग्य, दिल्ली* : प्रभात प्रकाशन।

त्रिपाठी, वासुदेव (२०७०). 'हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ', *हास्यव्यङ्ग्य विमर्श* (पृ. ११-९७), विष्णु प्रभात (सम्पा.) काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

थापा, लक्ष्मण (२०६५) *पलापला,* पोखरा : पोखरेली युवा सांस्कृतिक परिवार।

पाण्डेय, ताराकान्त (२०५८), *देवकोटाको व्यङ्ग्य कवित्व,* काठमाडौं : शिला योगी।

प्रभात, विष्णु (सम्पा.) (२०७०), 'नेपाली हास्यव्यङ्ग्यको विधागत अवलोकन', *हास्यव्यङ्ग्य विमर्श,* (पृ. १४८-१६७), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

लाम्बा, शान्ता (सन् १९८९), *स्वातन्त्र्योत्तर हिन्दी नाटक साहित्य में व्यङ्ग्य,* पञ्जाब :भाषा विभाग।

Highet, G. (1962). *The anatomy of satire*. London : Oxford University Press.

Sutherland, J. (1967). *English satire*. London : Cambridge University Press.